# नाढीमन ताल (यक्ष दह)

## लघु अनुसन्धान पुस्तिका



चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर (नाढीमन ताल), सर्लाही

CamScanner

# नाढीमन ताल (यक्ष दह):

## मधेशको गौरव, राष्ट्रिय पहिचान

## ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार

### लघु अनुसन्धान पुस्तिका


चन्द्रनगर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चन्द्रनगर (नाढीमन ताल), सर्लाही

मधेश प्रदेश, नेपाल

सम्पर्क : ९८५४०३८३८१

इमेल : chandranagar111@gmail.com

**चन्द्रनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चन्द्रनगर (नाढीमन ताल), सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**नाढीमन ताल (यक्ष दह) : मधेशको गौरव, राष्ट्रिय पहिचान**
**ऐतिहासिक, प्राकृतिक तथा धार्मिक सिमसार**
**(लघु अनुसन्धान पुस्तिका)**

| | |
|---|---|
| प्रकाशक | : चन्द्रनगर गाउँपालिका, सर्लाही |
| अनुसन्धानकर्ता संस्था | : संस्कृति तथा पुरातत्व अध्ययन केन्द्र |
| अनुसन्धानकर्ता | : नारायणप्रसाद अर्याल |
| | : रामकुमार राई |
| | : सुदर्शन अर्याल |
| | : अनिल यादव |
| ISBN | : 9789937-1-8823-4 |
| मूल्य : | रू. १००/- |
| कम्प्युटर/ले-आउट | : हाइडल प्रेस |
| मुद्रण : | : हाइडल प्रेस प्रा.लि., काठमाडौं, ता.न.पा.-८, काठमाडौँ |
| | : फोन : ०१-४०२५७४२ |
| इमेल | : heidelpltd@gmail.com/heidelpress@gmail.com |

चन्द्रनगर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चन्द्रनगर (नाढीमन ताल), सर्लाही

मधेश प्रदेश, नेपाल

मिति: २०८२ असार १५

प.स. २०८१/८२

च.नं. १७५२

# प्राक्कथन

विश्वका प्राचीन सभ्यताको विकास र मानवशास्त्रीय खोजले नेपालका विभिन्न ठाउँहरू वैदिक कालदेखि नै महत्वपूर्ण तपोभूमिको रूपमा रहेको मिथकीय एवं शास्त्रीय प्रमाणहरू पाइने गरेको छ । यही वैदिक र पौराणिक सभ्यताको चर्चा गर्ने क्रममा नेपालको तराई भेगमा रहेको मिथिला संस्कृति पनि एक महत्वपूर्ण संस्कृतिको रूपमा रहेको छ । प्राचीन आर्यहरूको पश्चिम सिन्धु नदी (हाल भारत र पाकिस्तानको सिमानामा)बाट पूर्वतर्फ आएका आर्यहरूले मिथिला संस्कृतिको पनि विकास गरेका हुन् भन्ने इतिहासकारहरूको मत छ । सिन्धु नदीको किनारमा बस्ने यिनै आर्यहरूले गंगा नदीद्वारा सिँचित क्षेत्र हुँदै पूर्व र दक्षिण लाग्ने क्रममा यिनीहरू मिथिला क्षेत्रसम्म आइपुगेका हुन् भन्ने विभिन्न प्रमाणहरू भेटिएको छ । पौराणिक साहित्यले विदेहलाई नै मिथिला भनेर उल्लेख गरेका छन् । पश्चिममा सिन्धुबाट गंगाको तीरैतीर पूर्वतर्फ आएकाहरूमध्ये विदेह माधवको अध्यक्षतामा वैदिक धर्मको अभ्युदय गरेको क्षेत्रको आधारमा यो क्षेत्रलाई विदेह भनिएको हो ।

मिथिला क्षेत्र र यहाँको संस्कृतिको विषयमा शतपथ ब्राह्मण, विष्णु पुराण, मनुस्मृति जस्ता धार्मिक ग्रन्थहरूमा यसको उल्लेख पाइन्छ । यी ग्रन्थहरूले प्राचीन भारतवर्षको सांस्कृतिक जीवनमा मिथिलाको महत्वपूर्ण भूमिका रहेको देखाएको छ । मिथिला भारतवर्षको एक अतिप्राचीन राज्य हो र यो आर्यको प्रारम्भिक विस्तारकालमा नै आवाद भएको कुरा विभिन्न साहित्यिक स्रोतबाट भेट्न सकिन्छ । अथर्व वेदमा ब्रात्य सेना भ्रमणशील जातिलाई भनिएको छ। ययी ब्रात्यहरू मूल आर्यको प्रथम शाखाबाट उत्पन्न भएका हुन् । यिनीहरू अन्यत्र कतैको नभएर सिन्धुकै मूल निवासी हुन् ।

मिथिलाको भूमि प्राचीन कालदेखि नै शिक्षाको केन्द्र र ऋषि महर्षिको तपस्थलको रूपमा रहेको देखिन्छ। प्राचीनकालमा यो भूमि मुख्यत: अध्यात्मविद्याको केन्द्र थियो। यो जनकदेखि कर्णाट् युगसम्म शिक्षाको केन्द्रको रूपमा रह्यो। यही बीचमा गौतम, यज्ञवाल्क्य, मण्डन, वाचस्पति र चण्डेश्वर जस्ता साहितकाशले मिथिलाको गौरवलाई माथि उकास्न मद्धत गरे । गौतम, कणाद, जैमिनी एवं कपिल ऋषिले मिथिल भूमिमा न्याय, वैशेषिक, मीमांसा एवं सांख्य दर्शनको प्रतिपादन गरे । यही समयमा मिथिलाको सहयोगी नगरी वैशाली जैन एवं बौद्ध दर्शनको लागि केन्द्रको रूपमा विकास भयो । जीवनमुक्तिका प्रतीक राजा जनकको भूमि दार्शनिक राजा विदेहको नामबाट विख्यात बन्यो। यही भूमिमा विश्वलाई लोभ्याउने संस्कृतिको विकास भयो। प्राचीन कालदेखि हालसम्म पनि मिथिला संस्कृति भारत वर्षको समृद्ध संस्कृतिको सूचीमा पर्दछ।

आफ्नै अनेकौं विशिष्टता बोकेको मिथिला संस्कृतिमाथि यहाँको ऐतिहासिकताले पनि सम्भावना थपेको छ । सरसता, समरसता एवम्

CamScanner

संवेदनशीलता मिथिला संस्कृतिको आफ्नो विशेषता हो । जो समस्त भारतीय संस्कृतिको अविभाज्य अंग बनिसकेको छ। यही मिथिला संस्कृतिलाई निरन्तरता दिन यस भेगमा अनेकौं सम्पदा र परम्पराहरू रहिआएका छन् । यिनै सम्पदा र परम्परामध्ये सर्लाहीको नाढीमन ताल क्षेत्रको ऐतिहासिकतासम्वन्धी अध्ययन पनि एउटा विशिष्ट महत्व बोकेको ऐतिहासिक स्थल रहेकोले यसको अध्ययन गर्ने जमर्को गरिएको छ । यसमा अझै पनि खोज्न सकिने ठाउँ हुँदाहुँदै पनि थोरै समयका कारण यसमा अध्ययनलाई सीमित बनाउनु परेको छ। यद्यपि यो लघु अनुसन्धान पुस्तिकाले यो क्षेत्रको इतिहास र संस्कृतिबारे जान्नका लागि ठूलो योगदान दिन्छ भन्ने हाम्रो विश्वास छ। यस अध्ययनको कममा प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

**राज कुमार महतो**
गाउँपालिका अध्यक्ष
चन्द्रनगर गाउँपालिका



CamScanner

# विषय सूची

**अध्याय १ : परिचय**

१. परिचय १
२. भौगोलिक अवस्थिति र यातायात स'विधा २
३. तालको नामकरण ३
४. नाढीमन ताल : मूलभूत विशेषताहरु ४

**अध्याय २ : नाढीमन ताल : महाभारतकालीन यक्ष दहको सम्भावना**

१. परिचय ८
२. महाभारतको युधिष्ठिर-यक्ष संवादस्थलको चर्चा १०
३. महाभारतको वनपर्वमा उल्लेख गरिएका स्थान र हालको अवस्थिति ११
४. नाढीमन ताल यक्ष दह हुनसक्ने आधार १३

**अध्याय ३ : नाढीमन : आकर्षक पर्यटकीय गन्तव्यस्थलको सम्भावना**

१. परिचय १६
२. नाढीमन ताल संरक्षणका लागि गरिएका प्रयासहरु १६
३. नाढीमन ताल परिसरमा रहेका सम्पदाहरु १८
४. निष्कर्ष १९

**अध्याय ४ : सारांश तथा निष्कर्ष**

सारांश तथा निष्कर्ष २०

**सन्दर्भ सामग्रीसूची** २२

CamScanner

अध्याय : एक

# परिचय

## १. परिचय

नाढीमन ताल सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिका वडा नं. ६ र ७ मा पर्दछ । ताल प्राकृतिक हो । कहिले निर्माण भयो भन्ने यकिन छैन । उक्त ताल महाभारतकालसँग समेत जोडिएकाले हजारौँ वर्ष पुरानो हुनसक्ने स्थानीयहरूको दाबी छ। वि.सं. १९७४/७५ तिर तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरले तत्कालीन बडाकाजी श्री मरिचिमान सिंह प्रधानलाई उक्त क्षेत्रको ७०० बिगाहा जग्गा बिर्ता दिएको तथ्य भेटिन्छ। त्यसपश्चात् त्यहाँ वन फँडानी गरी बस्ती बसाउने क्रममा सो ताल पत्ता लागेको भन्नेमा अधिकांश स्थानीयबासीको एकमत रहेको छ। नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले पहिचान गरेका १०० वटा नयाँ पर्यटकीय गन्तव्यहरूमा नाढीमन तालसमेत छनोट भएको छ।



CamScanner

नाढीमन तालको अर्को रोचक मिथ पनि रहेको छ । एक-डेढ सय वर्षअघि यदि कोही व्यक्तिले तालनजिकै बसी खाना पकाउने सुर गरेमा तालबाट चाँदी, ढलोट तथा पित्तलका भाँडाकुँडा निस्कने र पकाइसकेपछि आफैँ तालमा विलीन हुने गर्थे भनेर आफ्ना पितापुर्खाले आफूहरूलाई त्यस्तो बताएको भनी स्थानीयहरू दाबी गर्दछन् । यसरी भाँडा आफैँ उत्पन्न हुने र विलीन हुनेजस्ता किम्बदन्ती यथार्थ नभएपनि यसको केही अर्थ भने रहेको हुनसक्ने देखिन्छ ।

नेपाल भारत पुग्ने मोटरबाटो नभएको अवस्थामा भारतीय भूमिबाट नेपाली बजारमा सरसामान भित्र्याउने छोटो मार्गका रुपमा व्यापारीहरूले यसै मार्गको प्रयोग गर्ने गरेका थिए । आउने/जाने क्रममा त्यही तालमा खानेपिउने गर्थे । खाईपिईसकेपछि त्यहीँ एक छेउमा भाँडाकुडा लुकाएर जाने र पछि आउँदा फेरि खोजेर पकाउने गरेको विषय भने तथ्यपूर्ण हुनसक्ने देखिन्छ ।

## २. भौगोलिक अवस्थिति र यातायात सुविधा

नाढीमन ताल सर्लाही जिल्लाको पनि दक्षिणी भूभागमा पर्दछ । सो क्षेत्र विश्व मानचित्रमा हेर्दा २६.९२ डिग्री उत्तरी अक्षांश र ८५.५८ डिग्री पूर्वी देशान्तरमा रहेको र समुद्री सतहबाट करिब १०० मिटरको उचाईमा रहेको मानिन्छ ।

भौगोलिक अवस्थितिका आधारमा हेर्दा उक्त ताल पूर्वपश्चिम राजमार्गको बर्दिबास-लालबन्दी सडक खण्डको फूलजोर भन्ने स्थानबाट करिब १२ किमीको दूरीमा पर्दछ । भारतीय नाका सोनबरसाबाट पनि करिब १२ किमी दूरीमा नै अवस्थित छ । नेपालको राजधानी काठमाडौंबाट सडक मार्ग हुँदै जाँदा बनेपा सडकमार्फत् बर्दिवास भई त्यहाँबाट पूर्व-पश्चिम राजमार्ग हुँदै फुलजोर पुग्नुपर्छ । अनि त्यहाँबाट नाढीमन ताल पुग्न सकिन्छ । आफ्नै साधनको



CS CamScanner

प्रयोग गरी जाने हो भने ६-७ घण्टामा तालमा पुग्न सकिन्छ । सार्वजनिक सवारी साधनको प्रयोग गर्दा थप २-३ घण्टा बढी समय लाग्न सक्दछ ।

हवाई मार्गबाट नाढीमन ताल जान चाहनेहरूले काठमाडौंबाट जनकपुरधामसम्म हवाई यात्रा गरेर त्यसपछि करिब ७० किमीको सडक यात्रा गरिसकेपछि तालमा पुग्न सकिन्छ ।

सर्लाही जिल्लाको राजधानी मलंगवादेखि भारतीय सीमा जाने मूल मार्ग नाढीमन तालको नजिकै रहेको पाइन्छ। मलंगवाबाट करिब १५ किमीको दूरीमा नाढीमन ताल पर्दछ। तालबाट भारतीय सीमा क्षेत्र सोनवर्षा नाकासम्मको दूरी करिब १२ किमी रहेको छ ।

## ३. तालको नामकरण

नाढीमन तालको नामकरणका सन्दर्भमा विभिन्न किम्बदन्तीहरू प्रचलित छन् । नाढीमन मैथिली शब्दावली हो । मैथिली भाषामा मन भनेको ताल हो र नाढी भनेको नारी हो। परापूर्व कालमा यस तालमा परीको रुपमा नारी उत्पन्न हुन्थे र ज़लक्रीडा गरी लुप्त हुन्थे। यसरी नारी(परी)हरू उत्पन्न भई जलक्रीडा गर्ने र त्यहीँ विलीन हुने अर्थमा सो तालको नाम नै नाढीमन रहन गएको हो भन्ने एकाथरी स्थानीयबासीहरूको कथन छ ।

केही स्थानीयहरूले भने फरक तर्क गर्ने गरेका छन् । उनीहरूका अनुसार मैथिली भाषामा नढिया भनेको स्याल हो र मन भनेको ताल हो। त्यहाँ बस्ती बस्नुपूर्व त्यस तालमा स्याल कराउने गर्थे भन्ने आधारमा सो तालको नाम नाढीमन रहन गएको हो भन्ने अर्काथरीको मत छ ।

यस्तै, त्यस ताललाई ५२ बिगाहा ताल पनि भन्ने गरिएको पाइन्छ । पहिले



CamScanner

५२ बिगाहा क्षेत्रफलमा फैलिएको थियो भन्ने आधारमा सो तालको नाम ५२ बिगाहा ताल राखिएको स्थानीयहरूको भनाइ छ ।

कतिपय स्थानीयहरूले यस याललाई दानव दह पनि भनिने उल्लेख गरेका छन् । परापूर्व कालमा दानवले मुक्का हानेर एकै रातमा सो ताल उत्पन्न भएको थियो भन्ने किम्वदन्तीका आधारमा दानवदह पनि भन्ने गरिएको स्थानीयको दाबी छ ।

कतिपय स्थानीयबासीले भने यसलाई यक्षदह भनेर पनि चिनाउने गरेका छन् । महाभारतकालीन समयमा वनवासमा रहेका युधिष्ठिरसँग यक्षको संवाद भएको स्थल त्यही हो भनी दावी गर्नेहरूले त्यसको प्रचारप्रसारका लागि तालको नाम नै यक्षदह राख्नु उपयुक्त हुने बताएका छन् ।

## ४. नाढीमन ताल : मूलभूत विशेषताहरू

नाढीमन ताल प्राकृतिक हिसाबले रमणीय हुनुका अतिरिक्त अन्य विभिन्न दृष्टिकोणबाट समेत महत्वपूर्ण रहेको पाइन्छ । तालसँग जोडिर निर्माण भएका किम्वदन्तीका आधारमा हेर्दा सो ताल प्राकृतिक, ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक, व्यापारिक सिमसार र भौगर्भिक विशेषताहरूसमेत महत्वपूर्ण रहेको पाइन्छ ।

### क. तालको मौलिक स्वरूप

सर्लाही जिल्ला र त्यसमा पनि चन्द्रनगर गाउँपालिकामा साना-ठूला तालहरू प्रशस्त रहेका छन् । तीमध्ये धेरै कृत्रिम छन् र केही प्राकृतिक पनि । धेरै निजी छन् र केही सार्वजनिक पनि । सबैजसो ताल व्यावसायिक माछापालनका लागि खनिएका छन् भने केही प्राकृतिक तालहरूमा पनि माछापालन नै गरिँदै



CamScanner

आएको छ ।

तर तालैतालको राजधानी चन्द्रनगरमा एउटा मात्र ताल छ, जसमा समग्र चन्द्रनगरवासीहरूको आस्था छ, धार्मिक विश्वास छ, सपना छ र चन्द्रनगरलाई देश र विश्वसामु चिनाउन सक्ने शक्ति रहेको संकल्प छ, त्यो हो नाढीमन ताल ।

ताल प्राकृतिक भएकाले यो कहिले स्थापना भयो थाहा नहुनु, तुलनात्मक रुपमा आसपासका अन्य तालभन्दा ठूलो क्षेत्रमा फैलिएको हुनु र आकारमा धनुषाकार हुनुले यो ताल अन्यभन्दा भिन्न छ । धनुषाकार तालको बीचको भागमा बनेका केही संरचनाहरूका कारण पूरै ताललाई एकैपट्टिबाट एकैपटक नियाल्न कठिन हुने गर्दछ । यद्यपि प्राकृतिक मनोरमताका हिसाबमा सो ताललाई तालैतालको महाताल मान्न सकिने अवस्था छ ।

## ख. धार्मिक आस्था र पौराणिक विश्वास

प्राकृतिक मनोरमताका कारण मात्रै नाढीमन ताल विशेष छैन बरु यससँग जोडिएका धार्मिक तथा पौराणिक विषयहरूले यो विशेष बनेको छ । पुर्खाहरूबाट स्थापित हुँदै आएका अनेकौं किम्बदन्तीहरू छन् । तालमा परी उत्पन्न भई जलक्रीडा गर्ने, महाभारतकालमा यक्षसँग युधिष्ठिरको संवाद भएको स्थल, दानवले मुड्कीले हानेर एकै रातमा तयार भएकोजस्ता तिलस्मी कुरा तथा तालबाट सुन, चाँदी, पित्तललगायतका भाँडाकुँडा आफैं निस्कने र आफैं विलीन हुने किम्वदन्तीले स्थानीयबासीलाई हरदिन-हरतात झंकृत गराउने गरेको पाइन्छ। अन्य आसपासका तालहरू प्रकृति र व्यवसायसँग मात्रै जोडिएका छन् । तर नाढीमन धार्मिक आस्थासँग गाँसिएको छ। मन-मनसँग जोडिएको छ। त्यसैले सारा चन्द्रनगरवासीहरूका लागि यो विशेष छ।



CamScanner

## ग. पुरातात्विक महत्व र ऐतिहासिकता

यो आफैँमा पौराणिक र धार्मिक महत्व बोकेको ताल हो । सँगै रहेको करिब एक शतकअगाडि स्थापना भएको मरिची मानेश्वर महादेवको मन्दिर, नजिकै रहेको हनुमानको मन्दिर र सयौं वर्षअगाडिका साक्षीस्वरुप ताल किनारामा उभिएका ठूला-ठूला ठूला रुखहरूले अन्य तालहरूको तुलनामा नाढीमनलाई विशिष्ट तुल्याएको छ । त्यसबाहेक नेपाल भारत व्यापारिक मार्गको सम्भावना र त्यसमा नाढीमन तालको भूमिकाले पनि त्यहाँको ऐतिहासिकता दर्शाउँछ । सवारी साधनको प्रयोग हुनुअघि भारतबाट सोही मार्ग भई मलंगवासम्म व्यापारीहरूले व्यापार गर्ने गरेका र उनीहरू नाढीमन तालमा बास बस्ने गरेको कथन स्थानीयको छ । यसरी बसोबास गर्ने व्यापारीहरूले तालबाटै भाँडाकुँडा लिने र तालमै छोडेर जाने गर्थे भन्ने भनाई विभिन्न स्थानीयबासीहरूको रहेको छ । साथै, तालबाट हात्ती बाँध्ने फलामको सांङ्ला, सुन, चाँदी र पित्तल तथा अन्य धातुका भाँडाहरूसमेत प्राप्त हुने जनश्रुतिले तालको ऐतिहासिकतालाई झनै पुष्टि गर्दछ । तालको नजिकै रहेको मरिची मानेश्वर महादेव र आसपासका अन्य संरचनाहरूले समेत यसको ऐतिहासिकताको पुष्टि गर्दछ ।

## घ. भौगर्भिक उत्खनन्को सम्भावना

नाढीमन तालको महत्व दृश्य रुपमा मात्र होइन, अदृश्य रुपमा समेत उत्तिकै रहेको मानिन्छ । तालको तल सुन तथा अन्य धातुको खानी रहेको हुनसक्ने अनुमान गरी विदेशी भूगर्भविद्हरूले पटक-पटक भौगर्भिक उत्खननको प्रयास गरेको स्थानीयबासीहरूको भनाइ छ । विदेशीहरूको निशानामा ताल मात्रै भन्दा पनि ताल परिसरमा रहेको मानेश्वर महादेव मन्दिरको भूभाग पनि परेको स्थानीयहरू बताउँछन् । त्यसबाहेक चाँदीका भाँडाकुडा भेटिएका आधारमा



CamScanner

सो तालमा प्राचीन कालमा व्यापारीहरूले चोरी लगायतबाट बच्न बहुमूल्य धातुहरू पनि लुकाएको हुन सक्ने र समयक्रममा त्यस्तो सम्पत्ति गाडधनका रुपमा तालको तल रहेको हुनसक्ने समेत अनुमान गरिन्छ । यसका लागि आधिकारिक निकायबाट अनुमति लिई सो स्थानको भौगर्भिक उत्खननको सम्भावना अध्ययन गर्न सकिन्छ ।

## ङ. संघ तथा प्रदेश गौरवको आयोजना

मधेश प्रदेश सरकारले मधेश प्रदेशका विभिन्न सम्पदाहरूलाई प्रदेश गौरवको आयोजनाका रुपमा समावेश गरेको छ। संरक्षणका लागि आवश्यक पहलसमेत गरिरहेको छ। यस आधारमा हेर्दा मधेश प्रदेश सरकारले पनि नाढीमन तालको विकासका लागि भरपुर प्रयास गरेको देखिन्छ। नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले पहिचान गरेका १०० वटा नयाँ पर्यटकीय गन्तव्यहरूमा नाढीमन ताल पनि एक हो ।



CamScanner

अध्याय : दुई

# नाढीमन ताल : महाभारतकालीन यक्ष दहको सम्भावना

## १. परिचय

सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा पर्ने नाढीमनताललाई महाभारतकालीन समयमा पाण्डवहरू वनवासमा रहँदाको समयमा युधिष्ठिर-यक्ष संवाद भएको स्थलका रुपमा पनि चर्चा गर्ने गरिएको छ। स्थानीय मतका अतिरिक्त त्यसका केही बलियो आधारहरू पनि रहेका छन् ।

महाभारतमा विभिन्न उपाख्यानहरूको वर्णन भएतापनि मूल आख्यानमा भने हस्तिनापुर दरबारमा पाण्डुको राज्य, पाण्डुको असमायिक निधन, अन्धा महाराज धृतराष्ट्रको गद्दी आरोहण, कौरव-पाण्डवहरूबीच बेमेल, जुवा खेल र त्यसमा मामा शकुनीको षड्यन्त्र, जुवामा सबै थोक गुमाएर १२ वर्षको वनवास र थप एक वर्षको अज्ञातवासको सजाय, सजाय भुक्तानी भइसकेपछि

युधिष्ठिरद्वारा आफ्ना सन्ततिहरूका लागि ५ गाउँको माग तर दुर्योधनद्वारा अस्वीकार, त्यसपश्चात् महाभारतको युद्ध, कौरवहरूको हार र पाण्डवहरूको जित एवं महाप्रस्थानसम्मको कथा रहेको छ। यसमध्ये महाभारतको वनपर्वको अन्तिममा युधिष्ठिर-यक्ष संवादका बारेमा उल्लेख गरिएको छ । वर्णित कथाअनुसार वनमा घुम्दै गरेका पाण्डवहरूले लामो समयसम्म पनि कुनै तलाउ भेट्दैनन् । तिर्खाले व्याकुल भएका उनीहरूमध्ये सबैभन्दा पहिला सहदेव पानी खोज्न जान्छन्, तर उनी फर्कंदैनन् । फेरि नकुल, अर्जुन र भीमसमेत पानी खोज्न जान्छन् । तर कोही फर्कंदैनन् । अन्तिममा युधिष्ठिर स्वयं पानी र भाइहरूको खोजीमा निस्कन्छन् । केही पर एउटा तलाउ देखिन्छ र त्यसको किनारामा चारै भाइहरू अचेत अवस्थामा लडिरहेका । तिर्खाले व्याकुल युधिष्ठिर पहिला पानी खाने अनि त्यसपछि भाइहरूलाई बचाउने विचार गर्दै तलाउतिर लाग्छन् । अञ्जुलीमा पानी लिएर खान तयार हुन्छन् । त्यसैबेला एकाएक आकाशवाणी हुन्छ । वाणीवालाले आफूलाई यक्षको रुपमा परिचित गराउँछन् र आफ्ना केही प्रश्नहरूको उत्तर दिएर मात्रै पानी पिउन सुझाउँछन् । युधिष्ठिरले प्रस्ताव स्वीकार गर्दछन् र सबै प्रश्नहरूको उचित उत्तर फर्काउँछन् । युधिष्ठिरको तार्किक जवाफबाट खुशी भएका यक्षले कुनै एक भाइलाई बिउँताइदिने बताउँछन् । तब युधिष्ठिरले नकुललाई बिउँताइदिन आग्रह गर्दछन् । वनवासका क्रममा निकै सहयोग गरेका सहोदर भाइहरू महापराक्रमी भीम र धनुर्धारी अर्जुनलाई बचाउन नभनी किन नकुललाई बचाउन भन्यौ ? यक्षले प्रश्न गर्दछन् । युधिष्ठिरले आफूले त्यस्तो केही नसोचेको बरु कुन्ती पुत्रमा आफू एकजना जीवित भएकाले माद्रीपुत्रमा पनि एकलाई जीवित गराउन चाहेको जवाफ फर्काउँछन् । युधिष्ठिरको त्यो त्याग देखेर यक्ष खुशी हुन्छन् र सबै भाइलाई जीवित गराउँछन् भन्ने आख्यान महाभारतको वनपर्वमा उल्लेख गरिएको छ ।



CamScanner

महाभारतमा वर्णन गरिएका स्थानहरूका बारेमा केही मिथकहरू पुष्टि गर्ने प्रयासहरू भएतापनि अझैं अधिकांश मिथक तथा वर्णित स्थलहरूका बारेमा अन्योल विद्यमान छ । विभिन्न स्थानहरूमा केही लेख्य प्रमाण त धेरैजसो जनश्रुतिका आधारमा महाभारतमा वर्णित स्थलहरूको खोजी गर्दै आइएको पाइन्छ । यीमध्ये महाभारतको वनपर्वमा उल्लेख गरिएको यक्ष-युधिष्ठिर संवाद भएको तलाउका रुपमा हाल नेपालको सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा पर्ने नाढीमन ताललाई स्थानीयले दाबी गर्ने गरेको पाइन्छ ।

महाभारतको युधिष्ठिर-यक्ष संवाद निकै चर्चित भएतापनि सो वार्ता भएको स्थलबारे भने प्रमाणसहितको खोजी भइसकेको पाइँदैन । यस अध्ययनमा सो संवादस्थल हालको नाढीमन ताल रहनसक्ने केही आधारहरूको खोजी गरिएको छ । यस अध्ययनमा महाभारतको वनपर्वमा उल्लेखित विभिन्न चर्चित स्थलहरूको सापेक्षतामा सो संवाद स्थल नाढीमन ताल रहेको हुन सक्ने केही आधारहरूको खोजी तार्किक रुपमा पुष्टिको प्रयास गरिएको छ । यसबारेमा थप अध्ययन, आवश्यक स्थलको उत्खनन् र अनुसन्धान भने आवश्यक छ ।

## २. महाभारतको युधिष्ठिर-यक्ष संवादस्थलको चर्चा

महाभारतमा वर्णन गरिएको कौरव पाण्डवहरूको दरबार रहेको हस्तिनापुर हालको भारतको दिल्लीमा रहेको भन्नेमा केही प्रमाणहरू पनि भेटिएका छन् । त्यसप्रति इतिहासकारहरूको विमति पनि छैन । महाभारतको वनपर्वको चौथो श्लोकमा पाण्डवहरू वनवासका लागि उत्तरको बाटो समाई वनमा गएको उल्लेख छ । त्यसपछि उत्तरपूर्वी बाटो हुँदै यायावरीय शैलीमा ठूलो क्षेत्रफलमा बसेको वर्णन छ । महाभारतको वन पर्वका विभिन्न प्रसङ्गमा पाण्डवहरूले आफ्नो वनवासको १२ वर्षका दौरानमा बदरीकाश्रमक, नैमिषारण्य, काम्यक्

वन, द्वैत वन, प्रयाग, गया, नर्मदातीर्थ, पयोष्णी नदीलगायतको यात्रा गरेको भनी उल्लेख गरिएको छ। १२ वर्षे वनवासपछिको १ वर्षे अज्ञातवासका लागि भेष बदली विराटनगर गएको भन्ने उल्लेख गरिएको छ। यसबारेमा केही आधार यसरी खोज्न सकिन्छ।

## ३. महाभारतको वनपर्वमा उल्लेख गरिएका स्थान र हालको अवस्थिति

महाभारतको वन पर्वमा पाण्डवहरूको वनवासका बारेमा उल्लेख गरिएको छ। १२ वर्षे वनवास र १ वर्षे अज्ञातवासको सजाय पाएका पाण्डवहरू हस्तिनापुर दरबारबाट उत्तरपूर्वका विभिन्न स्थानमा विभिन्न पराक्रम गर्दै अघि बढेको तथ्य महाभारतमा उल्लेख छ। वनपर्वमा उल्लेखित विभिन्न स्थलहरूमध्ये केही यसप्रकार छन्।

१. **बद्रीकाश्रम** : यो नै बद्रीकानाथ तीर्थस्थल हो भन्ने मानिन्छ। चार धाममध्येको एक मानिने बदरीनाथ हाल भारतको उत्तराखण्डमा पर्दछ। यो स्थान हस्तिनापुर रहेको मानिने हालको दिल्लीबाट ५५० किमी उत्तरतर्फ पर्दछ भने उत्तरप्रदेशको राजधानी लखनउबाट करिब ७०० किमीको दूरीमा रहेको छ। यसै स्थानमा बसेर बादरायण(व्यास)ले वेदान्त सूत्र लेखेको पनि चर्चा गरिन्छ।

२. **नर्मदातीर्थ** : नर्मदातीर्थ नर्मदा नदीको नामबाट परिचित छ। भारतमा मध्य प्रदेशदेखि छत्तीसगढसम्म नर्मदा नदी बगेको पाइन्छ भने छत्तीसगढमा नर्मदा मन्दिर समेत रहेको मानिन्छ। नर्मदा मन्दिर दिल्लीबाट १०० किमी उत्तरपूर्वतर्फ एवं लखनउबाट करिब ६०० किमी दक्षिणतर्फ पर्दछ।



CamScanner

३. **नैमिषारण्य** : नैमिषारण्य चक्र तीर्थ नामले परिचित नैमिषारण्य उत्तरप्रदेशको सीतापुर जिल्लामा रहेको छ। यो स्थान लखनउबाट ८० किमी उत्तरपश्चिम र दिल्लीबाट ३५० किमीको दूरीमा पर्दछ। तर केही इतिहासकारले नेपालको धूलिखेललाई नैमिषारण्य हो भनेर समेत व्याख्या गरेको पाइन्छ।

४. **काम्यक् वन** : काम्यक् वन कुरु राज्यको सबैभन्दा नजिकको वन हो। यो वनलाई राक्षस तथा भूतप्रेतहरू रहनका लागि बनाइएको मानिन्छ। हस्तिनापुर दरबारबाट निस्कनेबित्तिकै पाण्डवहरू काम्यक वनमा गएको मानिन्छ।

५. **प्रयागतीर्थ** : प्रयागतीर्थ भन्नाले गंगा, यमुना र सरस्वती नदीको संगमलाई चिनिन्छ। प्रयागतीर्थ हालको उत्तरप्रदेशको अल्लाहवादमा रहेको मानिन्छ। प्रयाग तीर्थ महाभारतमा हस्तिनापुर मानिने दिल्लीभन्दा करिब ७०० किमी दक्षिणपूर्व र उत्तरप्रदेशको राजधानी लखनउबाट करिब २०० किमी दक्षिण पूर्वमा रहेको पाइन्छ। यस्तै प्रयागराजबाट सर्लाही जिल्लाको नाढीमन तालको दूरी करिब ४५० किमी रहेको छ।

६. **गया** : हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको समेत आस्थाको केन्द्रका रुपमा रहेको गया भारतको विहार राज्यमा पर्दछ। यो स्थान महाभारतमा हस्तिनापुर मानिने हालको दिल्लीबाट करिब ११०० किमी, उत्तरप्रदेशको राजधानी लखनउबाट करिब ५५० किमीको दूरी र नाढीमन तालबाट करिब २५० किलोमिटरको मात्रै दूरीमा रहेको छ।

७. **पयोष्णी नदी** : महाभारतको वनपर्वमा उल्लेखित क्षेत्रहरूमध्ये पयोष्णी नदी पनि एक हो। तत्कालीन पयोष्णी नदीको तीरमा बाराह तीर्थ रहेको



CamScanner

भनी महाभारतमा नै उल्लेख गरिएको छ । पयोष्णी नदी विदर्भ देशमा रहेको र सो क्षेत्र हालको दक्षिण-मध्य भारतमा पर्ने बताइन्छ । यद्यपि महाभारतमा पयोष्णी नदीको किनारामा बराह तीर्थ रहेको र त्यहाँ पाण्डवहरू पुगे-बसेको उल्लेख भएकाले यो नदी अहिलेको मध्यदक्षिण भारतमै मात्र थिएन कि भन्ने पनि तर्क गर्न सकिन्छ । बराहतीर्थ भनेर नेपालको सुनसरीमा रहेको बराह क्षेत्र वा भारतको उत्तरप्रदेशको बैहृमलपुरमा रहेको कोटी बराह तीर्थ श्री बाराहजी धामलाई भनिएको थियो कि भन्ने पनि तर्क गर्न सकिन्छ ।

८. **द्वैतवन** : महाभारतको वनपर्वमा सबैभन्दा बढी उल्लेख गरिएको र पाण्डवहरू सबैभन्दा बढी बसोबास गरिएको मानिने वन नै द्वैतवन हो । द्वैतवन कहाँ थियो र कहाँसम्म फैलिएको थियो भन्ने यकिन नभएतापनि सरस्वती नदीको किनारमा द्वैतवन रहेको थियो भन्ने उल्लेख गरेको पाइन्छ । सरस्वती नदी भारतको उत्तराखण्ड हुँदै उत्तरप्रदेशको प्रयागराजमा आएर गंगा तथा यमुना नदीसँग मिसिने मानिएकाले द्वैतवन पनि यही क्षेत्रभित्र रहेको स्पष्ट हुन्छ ।

## ४. नाढीमन ताल यक्षदह हुनसक्ने आधार

सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा पर्ने नाढीमन ताल नै महाभारतकालीन यक्ष दह हो भनी यकिन गर्न सक्ने कुनै प्रमाण फेला नपरेको भएतापनि त्यस्ता केही बलिया आधारहरू भने छन्, जसले सो दह नै यक्ष दह हो भन्नेमा केही विश्वसनीय बनाउन सक्छ । तीमध्ये केही यसप्रकार छन् :

१. नाढीमन तालमा हरेक वर्ष मेला लाग्ने गर्दछ । त्यहाँ नेपालका तराई तथा चुरे क्षेत्रका अतिरिक्त भारतको विहार र उत्तर प्रदेशबाटसमेत



CamScanner

भक्तजनहरू आउने गर्दछन् । आएकामध्ये अधिकांशले यस तालको पौराणिक महत्व रहेको स्वीकार गर्दछन् । नाढीमन तालमा आउनेहरू पर्यटकका रुपमा रमाइलो गर्ने एवं बिदा मनाउने उद्देश्यले नभई विशेष मेला पर्व लागेको बेला श्रद्धाका साथ पूजा-आराधना गर्न एवं स्नान गर्न आउने भएकाले यसको पौराणिक महत्व झल्कन्छ ।

२. महाभारतले स्पष्ट यकिन गरेको छ कि हस्तिनापुरबाट पाण्डवहरू विस्तारै उत्तरपूर्वी मार्ग हुँदै अघि बढेका थिए । उनीहरू एउटा कुनै निश्चित क्षेत्रमा नभई विभिन्न क्षेत्रमा सयर गर्दै हिँडेका थिए । उनीहरूको बसाइँ हालको दिल्लीदेखि उत्तर प्रदेश र विहारको उत्तरी क्षेत्र तथा नेपालको दक्षिणी क्षेत्रमा रहेको देखिन्छ । अहिलेसमेत सीमाना छुट्याउन कठिन रहेको क्षेत्रमा सदावहार वन थियो र वनको बीचमा रहेको सुन्दर तालमा पानी संवाद भएको हुन सक्ने सम्भावना देखिन्छ ।

३. नाढीमन ताल कुनै ठूलो खोलाबाट निर्माण भएको ताल पनि होइन भने । तालपछि पनि ठूलो खोला रहेको पाइँदैन । खोला वा नदी बगिरहेको ठाउँमा भए पाण्डवहरूलाई पानीको समस्या नै सायद आउँदैन थियो र पानी खोज्दै भौंतारिनु पनि पर्दैन थियो । तसर्थ नदीविहीन तलाउका रुपमा रहेको नाढीमन तालमा नै युधिष्ठिर यक्ष संवाद भएको थियो भनी अनुमान गर्न सकिन्छ ।

४. भौतिक दूरताका आधारमा हेर्ने हो भने पनि उत्तरपूर्वी भारत र दक्षिण तराईको सकल भ्रमण गर्न सक्ने पाण्डवहरू गयाबाट २५० र प्रयागबाट ४५० किमीको दूरीमा रहेको समथर नेपाली भूमिमा आइपुग्न सक्ने प्रशस्तै आधार देखिन्छ ।



CamScanner

५. पाण्डवहरूको १२ वर्षे वनवासको अन्तिम समयमा युधिष्ठिर-यक्ष संवाद भएको र तत्पश्चात् उनीहरू विराट राजाको दरवार विराटनगर गएको भन्ने उल्लेख छ । अधिकांश विद्वान्हरूले महाभारतकालीन विराट् राजाको दरबार रहेको विराटनगर हालको नेपालको मोरङ जिल्लामा रहेको विराटनगरकै आसपास रहेको स्वीकार गरेका छन् । तसर्थ १२ वर्षे वनवास कालतिर उत्तरप्रदेश र विहार राज्यका उत्तरी इलाकामा रहेका पाण्डवहरू घुम्दै जाँदा हालको नेपालको सर्लाही जिल्लाको नाढीमन ताल आसपास पुगेका थिए, त्यहाँ नै युधिष्ठिरको संवाद यक्षसँग भएको थियो र त्यसपछि उनीहरू त्यहाँबाट भेष बदलेर अज्ञातवासका लागि विराटनगरतर्फ लागेका थिए भनी व्याख्या गर्न समेत सकिन्छ ।

यी विविध आधार, साक्ष्य र प्रमाणलाई हेर्दा स्थानीयको दाबीलाई आधारहीन मान्न सक्ने अवस्था छैन भने यसका लागि ठोस प्रमाण भेटिइसकेको अवस्था पनि छैन । हजारौं वर्षअघि वनसयर गर्ने युधिष्ठिरको पदचाप अहिले खोजेर पाउने विषय पनि होइन । यसका लागि सो तालको भौगर्भिक अध्ययन गरी तालको प्राचीनता भने केलाउन सकिन्छ र थप साक्ष्य जुटाउन सकिन्छ ।



CamScanner

अध्याय : तीन

# नाढीमन : आकर्षक पर्यटकीय गन्तव्यस्थलको सम्भावना

## १. परिचय

नाढीमन ताल पौराणिक तथा प्राकृतिक महत्वका हिसाबले समेत देशकै एक आकर्षक पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने सम्भावना रहेको छ । यस ताललाई मधेश प्रदेश सरकारले प्रदेश गौरवको आयोजनाका रुपमा समावेश गर्नु र संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयले देशका उत्कृष्ट १०० भ्रमणस्थलका रुपमा नाढीमन ताललाई समेत समावेश गर्नुले यसको महत्व पुष्टि गर्दछ ।

## २. नाढीमन ताल संरक्षणका लागि गरिएका प्रयासहरू

नाढीमन ताल उचित संरक्षणका अभावले छायामा परेको देखिन्छ। ५२ बिघामा फैलिएको मानिएको सो ताल संरक्षणकै अभावका कारण अहिले करिब ३५

बिघामा पानी क्षेत्र खुम्चिनुपरेको स्थानीयहरूको गुनासो छ । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहिचान गरेका १०० वटा नयाँ पर्यटकीय गन्तव्यहरूमा नाढीमन काललाई पनि उल्लेख गरेको छ । यद्यपि सो तालको संरक्षणको जिम्मा भने ताल अवस्थित रहेको चन्द्रनगर गाउँपालिकामा नै निहित रहेको छ । केही अघि अर्थात् २०७२ तिर राष्ट्रपति चुरे संरक्षण विकास कार्यक्रम अन्तर्गत तालको व्यवस्थापनको जिम्मेवारी केही समय नेपाली सेनाले समेत लिएको थियो । सेनाले जिम्मा लिएको बखत तालको मुहार नै फेरिएको, मोटरबोटहरू पनि चल्ने गरेको र छिमेकी गाउँ र जिल्लाबाटसमेत पर्यटकहरू आउने गरेका थिए । तर सेनाले हस्तान्तरण गरेर गएपछि ताल संरक्षणविहीन बन्न पुगेको स्थानीयको दाबी छ ।

संरक्षणको जिम्मा पाएको चन्द्रनगर गाउँपालिकाले माछा पाल्ने प्रयोजनका लागि भाडामा लगाउने गरेको र सोहीकारण ताल कुरुप बन्दै गएको स्थानीयहरूले गुनासो गर्ने गरेका छन् । तर पछिल्लो निर्वाचनबाट आएका जनप्रतिनिधिहरू भने तालको संरक्षणका लागि लागि परेको र त्यसमा केही क्रियाकलापहरू पनि भइआएको प्रतिक्रिया स्थानीयहरूले दिएका छन् ।

चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राज कुमार महतो चन्द्रनगर गाउँपालिकाको शानको रुपमा अहिले नाढीमन काललाई लिइएको र त्यसका लागि गाउँपालिकाको बजेटका अतिरिक्त प्रदेश, केन्द्र र बाह्य स्रोतबाटसमेत बजेटको व्यवस्था गरी तालको संरक्षण, विकास सौन्दर्यकरण र प्रवर्द्धन गर्दै आइएको बताउँछन् ।

नाढीमन तालको भ्रमण गर्दा पहिलाको मनोरम ताल अहिले देख्न पाइन्न । तर पहिलेभन्दा झनै मनोरमता र भव्यताको सम्भावना देख्न सकिन्छ। गाउँपालिकाको पहलमा तालको पूर्वी भागमा नियमित नाढीमन गंगा सन्ध्या आरतीका लागि



CamScanner

आरतीस्थल बनाइएको छ भने तालको क्षेत्रफल मिचेर बनाइएका घरहरूलाई अन्य स्थानमा स्थानान्तरण गर्ने योजना तय गरिएको छ । ताल परिसरमा रहेको गाउँपालिकाको कार्यालयसमेत हटाउने गरी ताल संरक्षणको गुरुयोजना तयार भएको अध्यक्ष महतोको भनाइ छ ।

## ३. नाढीमन ताल परिसरमा रहेका सम्पदाहरू

नाढीमन तालको पश्चिम भागमा मरिचिमानेश्वर महादेव मन्दिर रहेको छ भने करिब २ बिगाह क्षेत्रफलमा ठूला रुखहरूसहितको विश्रामस्थल रहेको छ। सो मन्दिरको पनि ऐतिहासिक महत्व रहेको छ। मन्दिरको स्थापना आजभन्दा करिब ८६ वर्षअगाडि स्थापना भएको प्रमाण भेटिन्छ। त्यहाँ नियमित पूजाका लागि व्यवस्था गरिएको छ।

महादेवको मन्दिरको दक्षिणतिर आकर्षक हनुमान मन्दिर रहेको छ। तारा माई र मछिया माईको स्थान हनुमान मन्दिर भन्दा दक्षिण रहेको छ। दक्षिणतिर फन पार्क निर्माण गरिएको छ। पार्क निर्माण भएतापनि केही विवाद सिर्जना भएका कारण सञ्चालनमा भने आउन सकेको छैन। तालको परिसरभित्र रहेको फन पार्कलाई हटाएर ताल परिसरमा पुरातात्विक महत्व झल्कने खालका संरचना निर्माण गर्नुपर्ने एकाथरीको मत रहेको छ भने बनिसकेको फनपार्क नभत्काई त्यसलाई समेत ताल संरक्षणको गुरुयोजनामा अघि बढाउनुपर्ने अर्काथरीको तर्क ।

यसबाहेक तालनिकटका क्षेत्रका हरेक गतिविधिलाई गाउँपालिकाले पछिल्लो समय प्रत्यक्ष निगरानी बढाएकाले एकातिर तालको भूभाग अतिक्रमण हुनबाट जोगिएको छ। अर्कातिर स्थानीयबासीमा नाढीमन ताल आफूहरूको एकमात्र

शानको विषय रहेको हुनाले त्यसको संरक्षण, सुधार र प्रचारप्रसारको खाँचो निकै रहेको अनुभूति हुन सकेको पाइन्छ ।

## ४. निष्कर्ष :

सर्लाही जिल्लामा रहेको नाढीमन तालको ऐतिहासिकताको पुष्टि अझैं हुन सकेको छैन । अर्थात् यो तालको उत्पत्ति कहिले भयो भन्ने तथ्य हालसम्म उपलब्ध हुन सकेको छैन भने महाभारतमा उल्लेख गरिएका स्थलहरूको पनि स्पष्ट रुपमा यकिन गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा जनश्रुतिलाई नै आधार मानी त्यसलाई पुष्टि गर्दै जानुपर्ने हुन्छ ।

सर्लाही जिल्लाको चन्द्रनगर गाउँपालिकामा पर्ने नाढीमन तालका बारेमा सो गाउँ, आसपासका गाउँ र सीमावर्ती केही भारतीय नागरिकहरूको दाबी यही छ कि नाढीमन ताल नै महाभारतमा वर्णन गरिएको युधिष्ठिर-यक्ष संवाद भएको स्थल हो । स्थानीयले आफ्नो दाबीसँगै तालसँग जोडिएका विभिन्न अलौकिक गाथाहरू पनि गुथेका छन्, त्यसले पनि तालको पौराणिक महत्वलाई झल्काउँदछ । यसबारेमा थप खोजी, उत्खनन् र अनुसन्धान गर्नका लागि सम्बन्धित स्थानीय निकाय र उपल्ला नियकायहरूबाटसमेत आवश्यक पहल गरिनु आवश्यक देखिन्छ ।



CamScanner

अध्याय : चार

# सारांश तथा निष्कर्ष

नाढीमन तालको स्थलगत भ्रमण, स्थानीयबासी तथा सरोकारवाला एवं जानकारहरूसँगको छलफल, अन्तर्वार्ता एवं विभिन्न प्रकाशित तथा प्रसारित सामग्रीहरूका आधारमा नाढीमन तालसम्बन्धी अध्ययनको सारांश तयार पारिएको छ ।

सर्लाही जिल्लाको दक्षिणी भेगमा पर्ने चन्द्रनगर गाउँपालिकाको वडा नं. ६ र ७ मा पर्ने नाढीमन ताल एक प्राकृतिक ताल हो । पहिला ५२ बिघामा फैलिएको भन्ने आधारमा ५२ बिघा ताल पनि भनिन्थ्यो । तर अहिले यसको पानी रहेको क्षेत्रफल परिक ३५ बिघा रहेको बताइन्छ । अन्य जग्गा केही व्यक्तिले अतिक्रमण गरेका छन् । कतिपय गाउँपालिका, मन्दिर, शिवालयजस्ता सामुदायिक संरचनाहरूले पनि जग्गा अतिक्रमण गरेका छन् । यो ताल वि.सं. २०२१ को भूमिसुधार ऐन आउनुअघिसम्म चन्द्रशमशेरकालीन बडाकाजी मरिचिमानसिंह प्रधानको बकसका रुपमा रहेको थियो तर भूमिसुधार ऐनले

जग्गाको हदबन्दी लगाएपछि सो ताल समुदायको स्वामित्वमा रहँदै आएको छ ।

यस ताललाई महाभारतकालमा युधिष्ठिरसँग यक्षको संवाद भएको स्थलका रुपमा पनि स्थानीयहरूले चर्चा गर्ने गरेका छन् । त्यसैले यसलाई कतिपयले यक्षदह समेत भन्ने गरेका छन् । नाढीमन ताल वरपर बस्तीको विकास हुनुभन्दा अगाडि नै भारतदेखि मलंगवासम्म व्यापारीहरू त्यही मार्ग हुँदै व्यापार गर्न जाने गर्थे र त्यहाँ बसोबास गर्थे भन्ने मान्यता छ ।

नाढीमन ताल ५२ बिघामा फैलिएको (अतिक्रमण हुनुअघि) एक प्राकृतिक ताल हो । नाढीमन ताललाई महाभारतकालीन युधिष्ठिर यक्ष संवाद स्थल हो भनी दाबी गर्ने प्रशस्त आधारहरू पनि रहेका छन् । ऐतिहासिक रुपमा पनि नाढीमन तालको महत्व उल्लेख्य छ । सयौं वर्षअगाडिदेखि नेपाल-भारतको व्यापारिक पदमार्ग र विश्रामस्थलका लागि पनि नाढीमन ताल प्रसिद्ध छ । नाढीमन ताल चन्द्रनगर गाउँपालिकाका लागि मात्रै नभई सर्लाही जिल्ला, मधेश प्रदेश र नेपाल तथा भारतीय सीमाक्षेत्रका लागि पनि धार्मिक तथा पर्यापर्यटनका हिसाबले उत्कृष्ट गन्तव्यस्थल बन्न सक्दछ ।



CamScanner

# सन्दर्भ सामग्री सूची

भट्टाचार्य, सुखमय (२०४५), महाभारतकालीन समाज, लोकभारती प्रकाशन, इलाहावाद ।

भट्टराई, मदनकुमार (२०७७), परराष्ट्रका प्रशासक : मीरमुन्सीदेखि बडाकाजीसम्म, सांग्रिला बुक्सढकाल, दाहाल, पेशल खतिवडा र सोमप्रसाद (२०५८), नेपालको कला र वास्तुकला, भोटाहिटी काठमाडौं । एम.के. प्रकाशन ।


खनाल, मोहनप्रसाद (वि.सं. २०५६), सिमरौनगढको इतिहास, काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिविवि ।

श्री ५ को सरकार (वि.सं.२०३१), मेचीदेखि महाकाली भाग २, काठमाडौं: सञ्चार मन्त्रालय सूचना विभाग ।

निरौला, पुण्यप्रसाद (वि.सं. २०४२), सांस्कृतिक सम्पदाको प्रारम्भिक प्रतिवदेन २०४१/४२ भाग एक, काठमाडौं: श्री ५ को सरकार शिक्षा मन्त्रालय सूचना विभाग ।



CamScanner






9789937-1-8823-4